# मध्यपुर अस्पताल लिमिटेड

मध्यपुर थिमि नगरपालिका वडा नं.४

दर्ता नं.७५६२८

---

## सञ्चालक समितिको बार्षिक प्रतिवेदन(आ.व.२०८१।२०८२)

आदरणीय शेयरधनी महानुभावहरु,

यस मध्यपुर अस्पताल लि.को १५औ बार्षिक साधारण सभामा उपस्थित भई सभाको गरिमा बढाई दनु भएकोमा म कम्पनीको सञ्चालक समिति एवम् सम्पूर्ण अस्पताल परिवारको तर्फबाट यहाँहरुलाई हार्दिक स्वागत तथा न्यानो अभिबादन व्यक्त गर्दछु ।

(क) विगत वर्षको कारोवारको सिंहावलोकन

**पुँजि संरचना:** अधिकृत पुँजी रु. १,४०,००,००,०००/- (रु. एक अर्ब चालिस करोड रुपैयाँ)

कम्पनीको जारी पुँजी :- रु. ८९,३३,०२,३०० /- (रु. उनान्नब्बे करोड तेत्तिस लाख दुई हजार तिन सय रुपैयाँ)

कम्पनीको चुक्ता पुँजी :- रु. ८९,३३,०२,३०० /- (अक्षरेपी उनान्नब्बे करोड तेत्तिस लाख दुई हजार तिन सय रुपैयाँ मात्र)

**बैंक ऋण:** नेपाल बैंकको रु.२५,०९,९६,३३२ रु. पच्चीस करोड नौ लाख छयानब्बे हजार तीन सय बत्तीस मात्र

**कुल सम्पती:**रु १,३८,७८,२९,१४६ एक अर्ब अठतीस करोड अठहत्तर लाख उनन्तीस हजार एक सय छयालिस मात्र

**कुल आम्दानी:** रु ५२,८५,९२,२९० रु. बाउन्न करोड पचासी लाख बयानब्बे हजार दुई सय नब्बे मात्र

**कुल खर्च:** रु. ५०,८१,९२,४४५ रु.पचास करोड एकासी लाख बयानब्ब्रे हजार चार सय पैंतालीस मात्र

**खुद नाफा:** रु. २,०३,९९,८४५ रु. दुई करोड तीन लाख उनान्सय हजार आठ सय पैंतालीस मात्र

प्रति शेयर खुद सम्पती: रु. १०२.०१
प्रति शेयर खुद आम्दानी:रु. २.२८

(ख) **राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिस्थितीको कारण कम्पनीको कारोवारलाई कुनै असर परेको भए सो असर** :सारभूत रुपमा कुनै असर नपरेको भएतापनि अर्थतन्त्रलाइ असर परेको अवस्थामा व्यवसायीक वातावरणमा असर परेको ।

(ग) **प्रतिवेदन तयार भएको मिति सम्म चालू वर्षको उपलव्धि र भविष्यमा गर्नु पर्नेकुराको सम्बन्धमा सञ्चालक समितिको धारणा :**

**अस्पतालबाट आ.व ०८१।८२मा गरेका प्रगतिहरु र कार्यहरुको संक्षिप्त विवरणहरु निम्नानुसार रहेको छन् ।**

१) अस्पतालमा रहेको सेवामा नियमितता तथा सेवा बृद्धि:
नेपाल सरकारको निति तथा प्रविधि भित्र रही अस्पतालका प्राबिधिक तथा परिश्रमको कारण यस अस्पतालबाट गुणस्तरीय स्वास्थ्य सेवा तथा विशेषज्ञ सेवा प्रदान गर्दै आएको सर्व विदितछै। CTVS( CardioThoracic and Vascular Surgery) छाती तथा रगतको धमनीहरुको शल्यकिया र Neuro Surgery (मेरुदण्ड र दिमागको नशाको शल्यकिया सेवा भक्तपुर जिल्लामा मध्यपुर अस्पताल लि.बाट मात्र सेवा प्रदान गर्दै आएको छ ।

क) यस अस्पतालमा स्थापना देखि नै ल्यापारोस्कोपी शल्याकिया (प्वाल पारेर दुरविनको माध्यमबाट गरिने शल्यकिया भइरहेको र यसै वर्षबाट नयाँ Laproscopy Machine र Advacne Cautery Machine खरिद गरि Gynae Laporoscopic Surgery (प्वाल पारेर दुरविनको माध्यमबाट पाठेघर सम्वन्धी गरिने शल्यकिय) जटिल ल्यापारोस्कोपी शल्यकिया संचालन भइरहेको छ । गत आ. व.मा Gynae LaporoscopicSurgery २५ वटा भइसकेको छ । सो मेसिन द्धारा हाड जोर्नी नशा रोग सम्वन्धी शल्यकिया Arthoscopy Surgery - ACL PCL Reconstruction and Repair (प्वाल पारेर दुरविन द्धारा जोर्नि भित्रको शल्यकिया) आ.व.०८१।८२ मा १० जनाले सेवा लिई सक्नु भएको छ ।

ख) Uro Surgery (पिसाव नलि तथा पथरी सम्वन्धी शल्यकिया लेजर प्रविधिबाट शुरु भई हाल ५ जनाको सफल शल्यकिया भएको छ ।

ग) Echocardiography तथा Fetal Echocardiography सेवा सुचारुपमा प्रदान गर्न मेसिनको अभाव भएकोहुनाले नँया Echocardiography मेसिन खरिद गरी सुचारुपमा सञ्चालन भएको छ ।

घ) भक्तपुर जिल्लामा MRI सेवा प्रदान गर्ने एउटै मात्र यस अस्पतालमा MRI Breast को सेवा सञ्चालन ल्याएको छ । यस आ.व.मा २०१७ जनालाई MRI सेवा प्रदान गर्न सफल भएको छ ।

ङ) मध्यपुर अस्पताल द्धारा आँखा सम्वन्धी सेवा विस्तार गरिएको छ । आँखा क्लिनीक तथा चस्माको सेवा सुचारु रुपमा सञ्चालन भईरहेको छ ।

च) गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नको लागी यस अस्पतालबाट विगत ४ वर्ष अगाढी देखिनै प्रत्येक वर्ष बोलपत्र आवहान गरी गुणस्तरीय औषधी सेवा प्रदान गर्दै नँया भवनमा व्यवस्थित फार्मेसि सञ्चालनमा ल्याएको छ ।

ज) नेपाल सरकार द्वारा सञ्चालन गरिएका राष्ट्रिय स्तरको स्वास्थ्य कार्यक्रममा मध्यपुर अस्पतालको सक्रिय सहभागीता रहेकोमा यस वर्ष नेपाल सरकारको पाठेघरको मुखको क्यान्सर तथा HPV खोप शिविर सञ्चालनको लागी यस मध्यपुर अस्पताल द्वारा अस्पतालको हलमा मध्यपुर नगरपालिकाका स्वयम सेविकाहरुलाई १ दिने तालीम सञ्चालन गरिएको थियो । साथै यस अस्पतालका जनशक्ती खोप शिविरमा सक्रिय उपस्थिती भएको थियो ।

२) बिशेष साधारण सभा:

मिति २०८२ साल असार १४ गतेका दिन यस अस्पतालको बिशेष साधारण सभा सफलता पुर्वक सम्पन्न भएको थियो । यस मध्यपुर अस्पताल बिस्तार गर्नको लागी अस्पतालको लागी थप जग्गा खरिद तथा अस्पतालको आफ्नै अत्याधुनिक भवन निमार्ण र उपकरण खरिदको लागी आर्थिक श्रोत व्यवस्थापन गर्न तथा अस्पतालमा कार्यरत चिकित्सक र कर्मचारीहरुलाई समेत स्वामित्व प्रदान गरी अपनत्व बृद्धि गर्नका लागी यस मध्यपुर अस्पताल प्रा.लि. बाट मध्यपुर अस्पताल लिमिटेडमा रुपान्तरण गरि कम्पनिको प्रवन्ध पत्र तथा नियमावलीको ढाँचा परिवर्तन गरि अगाडी बढ्न सो सभाबाट निर्णय भएको थियो । उक्त निर्णय अनुसार कम्पनि रजिष्ट्रारको कार्यालय,काठमाण्डौको मिति २०८२ असार २० गतेको निर्णयबाट यस मध्यपुर अस्पताल लिमिटेडमा स्विकृती प्राप्त भएको छ । साथै यस अस्पतालको प्रवन्ध पत्र र नियमावली समेत लिमिटेड अनुसार स्विकृत भई आएको छ ।

**३) जनशक्ति विकाश तथा थप**

हाम्रो देशका जनशक्ति विदेशीने कम बढ्दै गई रहेको अवस्थामा यस अस्पतालमा पनि प्रभाव परि रहेको छ । यस अस्पताल द्वारा सञ्चालित श्रद्धा कलेज अफ हेल्थ साईन्समा PCL नर्सिङ्ग र डिप्लोमा ईन फार्मेसिको कार्यक्रम निरन्तर सञ्चालन भई जनशक्ति बिकासमा टेवा पुगेको छ । साथै अस्पतालमा कार्यरत प्राविधिक जनक्तिलाई कार्य क्षमता बृद्धि होस भनी विभिन्न सँस्था र जनवास्थ्य कार्यलयको सहयोगमा अस्पताल द्वारा विभिन्न तालिम, कोचिङ्ग, डिलिङ्ग,सि.एम.ए..गर्दै आएकोमा यस वर्ष SBAonsite Coaching,Helping Mother Servive.,(HMS) Helping Baby Breathing (HBB)तालिम सञ्चालन गरिएको छ ।हाल यस अस्पतालद्वारा विशेषज्ञ सेवालाई बढी प्रभावकारी गर्नको लागी विशेषज्ञ डाकटरहरु थप गरिएको छ ।

**४ खाने पानीको व्यवस्था:**

समय समयमा अस्पताल ,कलेज र होस्टेलमा खाने पानीको समस्या भई रहेकोले श्रद्धा कलेजको प्राङ्गणमा वोरिङ्ग र फिल्टर गरि पानीको व्यवस्थापन गरि सकेको र आरओ पानीको व्यवस्थापन गर्ने कार्य भई रहेको छ ।

**५) संक्रमण रोकथाम तथा नियन्त्रण र श्रोत व्यवस्थापन:**

अस्पतालबाट निस्कीएको फोहर मैला , राष्ट्रिय फोहर मैला व्यवस्थापन प्रणालिको निर्देशिका अनुसार व्यवस्थापन भई रहेको छ । २०२० सालको निर्देशिकामा परिमार्जन भए अनुसार यस अस्पतालले placenta pit सट्टा placenta drumको व्यवस्थापन..गरिएको छ । Liquid waste लाई

संकलन गरि सोडियम हाईपोकोलोराइट निर्मलिकरण गरिएको छ । मध्यपुर अस्पतालको **संक्रमण रोकथाम तथा नियन्त्रण** निर्देशिका जारी गरि सो अनुसार कार्य भई रहेको छ ।

६) पार्किङ्ग र क्यान्टीनको व्यवस्था:

हाल भएको पार्किङ्ग नपुग भएको हुनाले अस्पतालको अगाडीको १५ आना जग्गा लिजमा लिई गाडी पार्किङ्ग व्यवस्था गरिएको छ । साथै अस्पतालको B Block संगको १३६ कि.न. ७ आना जग्गा ७ वर्षका लागि लिजमा लिई मोटर साईकल पार्किङ्ग तथा क्यान्टीनको लागी संरचना व्यवस्था गर्ने योजना का साथ कार्य भई रहेको छ । यसै वर्ष मध्यपुर अस्पतालको B Block को..भूइ तल्लामा 3C क्यानटीनले कफी शपको व्यवस्थापन गरिएको छ ।

७) लनडरी व्यवस्थापन

ठाँउको अभावको कारणले यस अस्पतालमा उचित लनडरीको व्यवस्थापन गर्न कठिनाई भई रहेको र लुगा धुने मेसिनहरुमा पनि समस्या आईरहेको हुनाले उचित आधुनिक फुल अटोमेटिक लनडरीको व्यवस्थापन गर्न सामान खरिद गर्ने प्रकृया शुरु भई सकेको छ । सो लनडरी श्रद्धा कलेजको प्राङ्गनमा व्यवस्थापन गर्ने कार्ययोजना भएको छ ।

८) PICTURE ARCHIVING & COMMUNICATION SYSTEM (PACS)::

X-Ray,MRI,CT को Film पनि वातावरणिय प्रदुसनको एक तत्व भएको हुनाले यस मध्यपुर अस्पतालले पनि Film Less Report को लागी रेडियोलोजिलाई डिजित प्रणाली गर्न PAC System software खरिद भईसकेको छ ।

९) CSSD(Central Sterile Supply Department)

सि.एस.एस.डि.लाई अस्पतालको B Block को छैटौ तलामा व्यवस्थापन गर्न संरचना निमार्ण भई सकेको छ । हाल भएको उपकरणमा समस्या आएको हुनाले आधुनिक अटोक्लेभ मेसिन खरिद प्रकृया शुरु भई सकेको छ ।

**(घ)कम्पनीको औद्योगिक वा व्यवसायीक सम्बन्ध** :स्वास्थ्य सेवा

**(ङ) सञ्चालकसमितिमा भएको हेरफेर र सोको कारण** :साविकमा साधारण सभाबाट एघार सदस्यीय संचालक समिति गठन भएकोमा विशेष साधारण सभाबाट कम्पनी पब्लिक लिमिटेडमा रुपान्तरण भएपश्चात पाँच जनाको तदर्थ संचालक समिति रहेकोमा एक जना थप मनोनित भइ हाल छ जनाको संचालक समिति रहेको ।

**(च) कारोबारलाई असर पार्ने मुख्य कुराहरु :**

देशमा देखा परेको हालको तरलता, हाल भएको जनशक्तिको विदेश पलाएन,विभिन्न समयमा आएको प्रकृती प्रकोप र महामारी, अस्पतालको मेसिनरी तथा उपकरणमा भाउ बृद्धि ।

(छ) **लेखापरिक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृया :**

श्रम ऐनमा व्यवस्था भएको उपदान र सञ्चिति विदा सम्बन्धी भएको व्यवस्था कार्यान्वयन नभएको भन्ने कैफियत रहेकोमा यस अस्पतालले २०८२ मङ्सिर महिनामा सामाजिक सुरक्षा कोषमा आबद्ध भएको छ जसमा श्रमिकको सम्पूर्ण सामाजिक सुरक्षाको प्रत्याभूति रहेको हुन्छ ।

(ज) **लाभांस बाँडफाँड गर्न सिफारिस गरिएको रकम : नभएको ।**

(झ) **शेयर जफत भएको भए विवरण : नभएको ।**

(३) **विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगती र सो आर्थिक बर्षको अन्तमा रहेको स्थितीको पुनरावलोकन** :यस आ.व.मा सहायक कम्पनीबाट रु ६०,००,००० भाडा बापत प्राप्त भयो । साथै यस आ.व.मा सहायक कम्पनीलाई रु ९०,७६,४४२ सापटी बापत दिएकोछ ।

(ट) **सहायक कम्पनीले आर्थिक बर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अबधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन** :सहायक कम्पनीले यस आ.व. ०८१।०८२मा कुल रु ३,२८,७९,६७९ शैक्षिक आम्दानी गरेको छ । सो अवधिमा खास महत्वपूर्ण परिवर्तन नभएको ।

(ठ) **विगत आर्थिक बर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलव्ध गराउनु भएको जानकारी : नभएको ।**

(ड) **विगत आर्थिक बर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्व विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीमा प्राप्त गरेको जानकारी :**

(ण) **कम्पनीले शेयर आफै खरिद गरेको भए विवरण : नभएको ।**

(त) **<u>कम्पनीको आन्तरीक नियन्त्रण प्रणाली</u>** : आन्तरिक नियन्त्रण प्रणाली प्रंभावकारी रूपमा कार्यान्वयन भइरहेको छ यसमा समयअनुसार थप सुधार समेत भइरहेको छ।

(थ) **विगत आर्थिक बर्षको कुल व्यवस्थापन खर्चको विवरण :**

| विवरण | रकम (रु) |
|---|---|
| घर बहाल | ३,४२६,३३३.३२ |
| पार्किंग बहाल | १,८२२,५००.०० |
| तलब तथा भत्ता | १००,१५३,७०४.०० |

| | |
|---|---|
| फार्मेशी तर्फको खर्च | १०,७८५,२०४.०० |
| साधारण सभा खर्च | १८२,०००.०० |
| यातायात खर्च | १,३९२,२१५.०० |
| अनुदान | ८७,८९०.०० |
| पानि बिजुली खर्च | ७,६६६,०२०.०० |
| इन्धन खर्च | ३,६८४,८१६.०० |
| बिमा खर्च | ६३३,६३२.३३ |
| मर्मत संहार खर्च | २,३०३,८८३.०० |
| बिबिध खर्च | ७८२,५२२.०० |
| बैंक चार्ज | ३६२,५६३.०० |
| फोहोर व्यस्थापन खर्च | ५३७,५६०.०० |
| संचार खर्च | ४२६,२८२.०० |
| प्रिन्टिंग एंड स्टेशनरी खर्च | २,८३९,३१९.०० |
| कार्यालय खर्च | ३,११३,३७५.०० |
| नविकरण शुल्क | १,१६०,५०७.०० |
| सुरक्षा खर्च | २,१६९,६००.०० |
| वैठक भत्ता | ९००,११२.०० |
| लेखापरिक्षण शुल्क | १६९,५००.०० |
| कानुनी तथा परामर्श खर्च | १,६२६,०००.०० |
| LC कमिसन | २,१०९,९४५.०० |
| टेन्डर खर्च | ३२०,०००.०० |
| AMC चार्ज | ६९१,२४९.०० |
| विनिमय घाटा | ४३८,३७०.०० |
| **जम्मा** | **१४९,७८५,१०४** |

**(द) लेखापरिक्षण समितिका सदस्यहरुको नामावली , निजहरुले प्राप्त गरेका पारिश्रमिक ,भत्ता तथा सुविधा ,सो समितिले गरेका काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सो को विवरण :** लेखापरिक्षण समिति गठन नभएको । वित्तीय निर्देशक डा.श्री हरिप्रसाद सुवाल रहनुभएको ।

**(ध) सञ्चालक ,प्रबन्ध सञ्चालक,कार्यकारी प्रमुख,कम्पनीका आधारभुत शेयरधनी वा निजको नजिकको नातेदार वा निज संलग्न रहेको फर्म,कम्पनी वा संगठीत सँस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा : नभएको ।**

(न) सञ्चालक ,प्रबन्ध सञ्चालक,कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएके पारिश्रमिक,भत्ता तथा सुविधाको रकम : भत्ता रु ९,००,११२ तलब रु ९८,०८,६००

(प) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांसको रकम : नभएको ।

(फ) दफा १४१ बंमोजिम सम्पती खरिद वा बिकि गरेको कुराको विवरण :

आ.व २०८१ ८२ मा खरिद गरिएको सम्पत्तीको विवरण निम्न बमोजिम छ ।

| विवरण | रकम (रु) |
|---|---|
| भवन तथा संरचनाहरू | ३४,००८,५९३.०० |
| कम्प्युटर तथा सहायक उपकरणहरू | ५,००७,६५७.०४ |
| फर्निचर तथा फिक्स्चरहरू | ४,४९५,७६२.४१ |
| जग्गा जमिन | १९५,२१९,४७३.०० |
| भाडामा लिइएको परिसरमा निर्मित सम्पती | २,२५२,४३३.२६ |
| कार्यालय उपकरणहरू | ३१,९००.०० |
| प्लान्ट तथा मेसिनरी | २२,७७१,९९२.५८ |
| सफ्टवेयरहरू | ५२१,२००.०० |
| सवारी साधन | १०,०००,०००.०० |
| **जम्मा** | २७४,३०९,०११.३ |

(ब) दफा १७५ बंमोजिम सम्बद्ध कम्पनीबीच भएको कारावारको विवरण :

| संस्था | शेयर लगानी रकम (रु) |
|---|---|
| श्रद्दा इन्स्टिच्युट अफ हेल्थ साइन्स लि. | ६०,००,००० भाडा आम्दानी प्राप्त |

(भ) कम्पनी ऐन तथा प्रचलित कानुन बंमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने कुनै कुरा :

(क) लेखापरिक्षक सुरेन्द्र देवकोटा एण्ड एसोसिएट्स

(ख) सँस्थागत सुशासनः नेपाल सरकारको स्वास्थ्य सँस्था सञ्चालन मापदण्ड अनुसार सञ्चालन गरिएको ।

(ग) **मानव संसाधन** हाल कायम कर्मचारी सख्या:४०७ जना)

पुर्णकालिन:२८६

आंशिक:१२१

यो वर्ष छोडि जाने कार्मचारी सख्या:४०

यो वर्ष नियुक्ति भएका कर्मचारी सख्या:३०

कर्मचारी नियुत्ति प्रकृया: पदपुर्त्ति समिति द्धारा अर्न्तरवार्ता बाट

(घ) **सँस्थागत सामाजिक उत्तरदायित्व**

२०८१ साल पौष १२,२३ र १४ गते आयोजना गरिएको ३ दिने मध्यपुर थिमि महोत्सव २०८१मा यस मध्यपुर अस्पतालबाट आर्थिक तथा प्राविधिक सहयोगको साथै नेपाल जेष्ठ नागरिक सेवा सहकारी सँस्था लि.र मध्यपुर अस्पतालको संयोजकमा नगदेशमा औषधि सहित नि:शुल्क स्वास्थ्य सिविर र प्राथमिक उपचार सेवा प्रदान गरिएको थियो । उक्त सिविरमा महिला ४१३पुरुष ४०५गरि जम्मा ८१८जनाले नि:शुल्क स्वास्थ्य सेवा प्राप्त गरेका थिए । साथै विभिन्न संघ सँस्था हरु संग मिलेर दुर्गम स्थानमा नि:शुल्क स्वास्थ्य सिविर सञ्चालन गरिएको र विभिन्न संघ सँस्थाहरुलाई आर्थिक तथा भौतिक सामानहरु वितरण गरिएको ।

(ङ) **गुनासो र सुनुवाई**

पार्किङ्गको अभाव,कर्मचारीको व्यबहार,पानीको समस्यालाई सुधार तथा समाधान गरिएको ।

(च) **स्वास्थ्य उपचार सम्बन्धी तथ्यांक**

निरन्तर स्वास्थ्य सेवा यस वर्ष पनि उल्लेखनिय स्वास्थ्य सेवा यस अस्पतालबाट प्रदान गरिएको तथ्याङ्कबाट देखिन्छ ।

- वहिरिङ्ग सेवा ५७,२४२ जना
- ईमरजेन्सी सेवा :१०,२५३ जना
- भर्ना भएका सेवा : ४,७७५ जना
- अपरेशन सेवा :१,०३७ जना
- आई.सि.यु सेवा :२३५ जना
- एच.डि.यु. सेवा : ३७० जना
- डेण्टल सेवा: १,१८७ जना
- ल्याव सेवा: २८९१४ जना
- फिजियोथेरापी सेवा: १०,३२३ जना
- शुरक्षित मातृत्व सेवा:

  क) सुत्केरी :२३५जना

(ख)गर्भा अवस्थाको जाँच:६३४जना
ग) सुत्केरी पछि जाँच:२३५ जना

- Endoscopy-705
- MRI- 2017
- CT Scan- 4106
- X-Ray- 19749
- USG- 14149
- Colonoscopy- 122
- Cystoscopy- 27
- Colposcopy- 32
- Immunization- 207
- DOTS- 43

**(म) शेयरधनीहरुले दिएको सुझाव कार्यान्वयन** :डिजिटल माध्यम द्धारा सुचना आदान प्रदानको व्यवस्था गरिएको ।